# अपाङ्गता समावेशी विकास परियोजना नवलपरासी अन्तर्गत

# अपांगता भएको व्यक्तिको आर्थिक स्तर उन्नतिको लागि शिलबन्दी दरभाउ पत्र माग

# Terms of Reference (TOR)

**परिचय :**

उपर्युक्त सम्बन्धमा यूनाईटेड मिसन टु नेपाल र सुनवल सामुदायिक विकास केन्द्र नवलपरासीको साझेदारीमा नवलपरासी जिल्लाको पाल्हीनन्दन र प्रतापपुर गापामा यस संस्थाले बिभिन्न परियोजनाहरु सञ्चालन गर्दै आएको छ । संस्थाले लिएको उद्धेश्यहरु पुरा गर्न विभिन्न कार्यक्रमहरु संचालनको लागि आवश्यक खाना, खाजा र अन्य सेवाहरु खरिद गर्ने योजना रहेको छ सोही योजना बमोजिम इच्छुक फर्म तथा कम्पनीहरुले निम्न सर्तहरुको अधिनमा रही तोकिएको म्याद भित्र पेश गर्ने गरि शिलबन्दी दरभाउ पत्र माग गरिन्छ ।

**सर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका फर्मले यो दरभाउ पत्रको लागि योग्य हुनेछ ।

२. कम्पनी/फर्मले मिति २०८२ साउन २० गते तदअनुसार (5th Aug, 2025) भित्र दरभाउ पत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रित नपुगी दाखिला भएका दरभाउपत्र उपर कुनै कार्वाही (मान्य) हुने छैन ।

३. दरभाउ पत्रमा कागजातको मुल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कुनै सर्त राखेको वा दररेट सम्बन्धी अधुरो रहेको दरभाउ पत्र स्वतः रद्द हुनेछ ।

४. आवश्यक परेको खण्डमा कम्पनी/फर्म बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

५. छनौट भएको कम्पनी/फर्म संग विस्तृत कार्य अवधीका लागी सम्झौता गरिनेछ ।

६. दरभाउ पत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

७. सामान तथा वस्तु संस्थाको कार्यालय सम्म पुराउने व्यवस्था (डेलिभरी) मिलाउनु पर्नेछ ।

८. काटेशन पेश गरेको मूल्यमा १.५ प्रतिशतले *TDS* कर कट्टी गरिने छ ।

९. आवश्यक खाना, खाजा र अन्य सेवाहरु अनुसूची १ मा रहेको छ ।

**१) पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

**क.** विस्तृत रुपमा भरिएको आर्थिक प्रस्तावना (अनुसूची १)

**ख.** फर्म दर्ताको प्रमाणपत्र तथा नविकरणको प्रतिलिपि

**ग.** घरेलु तथा साना उद्योगमा दर्ताको प्रमाणपत्र तथा नविकरणको प्रतिलिपि

**घ.** मुल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

**ङ.** दरभाउ पत्र बुझाएको निबेदन

**२) दरभाउ पत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।**

आधिकारिक सेवा प्रदायक स्थानीय/राष्ट्रिय कम्पनी तथा फर्महरूले आफूले सेवा दिन चाहेको क्षेत्रमा खामको बाहिर “होटेलको कोटेसन” भनि लेखी सिलबन्दी दरभाउ पत्र मिति २०८२ साउन २० गते तदअनुसार (5th Aug, 2025) तारिख ५:00 बजे भित्र सुनवल सामुदायिक विकास केन्द्रको कार्यालय, सुनवल १, नवलपरासीको कार्यालयमा वा email मार्फत procurementscdcs@gmail.com ठेगानामा mail गर्नु पर्नेछ ।